# उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९१९२७


पत्र संख्या: २०८२।८३
च.नं ११३५

मिति: २०८२।०८।२५
११४६ थिंलागा सप्तमी

विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एंव कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत बिषयमा यस उमाकुण्ड गाउँपालिकालाई आ.व. २०८२।०८३ को शिक्षा तर्फका स्वीकृत ससर्त अनुदान कार्यक्रममा विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एंव कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत तपसिलको कार्यक्रम कार्यान्वयन गर्नको लागि देहायका शर्तहरुको अधिनमा रही तोकिएको कागजातहरु संलग्न गरी माध्यमिक विद्यालयहरुलाई गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा मिति २०८२ पुस १० गते सम्ममा प्रस्ताव पेश गर्नहुन सूचित गरिन्छ ।

तपसिल:

| क.स. | कार्यक्रम | भौतिक लक्ष्य |
|---|---|---|
| १. | विद्यालयमा ICT ल्याब व्यवस्थापन कार्यक्रम | १ |

क) शर्तहरु:

१. IEMIS अद्यावधिक गरेको हुनुपर्ने ।

२. आ.व. २०८०।८१ को सामाजिक तथा लेखा परीक्षण प्रतिवेदन अनिवार्य पेश गरेको हुनुपर्ने ।

३. विद्यालय सुधार योजना अद्यावधिक गरी पेश गरेको हुनुपर्ने ।

४. विद्यालयमा ICT माध्यमबाट शिक्षण गर्न सक्ने जनशक्ति हुनुपर्ने ।

ख) आवश्यक कागजातहरु

१. विद्यालयले प्रस्ताव माग गरिएको पत्र ।

२. कार्यक्रम माग गर्ने सम्बन्धमा विव्यसको निर्णय प्रतिलिपी ।

३. विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्ष उल्लेख गरी तयार गरेको प्रस्तावना ।

...............................
धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

# उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९१९२७


पत्र संख्या: २०८२।८३
च.नं ११३६

मिति: २०८२।०८।२५
११४६ थिंलागा सप्तमी

**निःशुल्क लोकसेवा आयोग र शिक्षक सेवा आयोगका लागि संचालन हुने तयारी कक्षामा सहभागिताका लागि आवेदन पेश गर्न गरिएको सार्वजनिक सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिकामा स्थायी बसोबास गर्ने कक्षा १२ उत्तीर्ण गरेका युवाहरुलाई संघीय लोकसेवा आयोगले लिने नायब सुब्बा (अप्राविधिक) एवं बागमती प्रदेश लोक सेवा आयोगले लिने पाँचौ तह (अप्राविधिक) र शिक्षक सेवा आयोगले लिने प्राथमिक तहको तयारी कक्षा निःशुल्क रुपमा संचालन गर्न गइरहेको हुनाले इच्छुक युवाहरुलाई मिति २०८२/०९/१० गतेभित्र तपसिल बमोजिमका विवरणसहित लिङ्कमा गई वा QR स्क्यान गरी आवेदन फाराम पेश गर्नहुन अनुरोध छ ।

तपसिल :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि ।
३. पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको ।
४. शिक्षकको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
५. उमाकुण्ड गाउँपालिकाको स्थायी बसिन्दा हुनुपर्नेछ ।
६. Form Link: https://bit.ly/3LPDjPR
७. QR Code:

..........................
धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत